जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ३२ २०८२ साल भदौं ९ गते सोमबार (25 Aug 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली सेनाको व्यवस्थापनमा... ३ पृष्ठमा : 'पुनर्जन्मका विषयमा ... ३ पृष्ठमा :रिलायन्स कम्युनिकेसनमाथि...

## खडेरीको मारमा परेका किसानलाई लक्षित गरि खाडोको पानी बाधेर खेत खेतमा पुऱ्याइयो





**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

पर्याप्त बर्षा नहुँदा खडेरीको सामना झेल्न बाध्य सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका किसानहरुलाई सहज सिचाई उपलब्धका लागि खाँडो खोलाको पानी बाँध बाँधेर खेतमा पुऱ्याइएको छ ।

गाउँपालिकाको वडा नं. १ तिलाठी र वडा नं. २ लौनियाँका झण्डै ५ सय बिगहा खेतमा यसरी सिंचाइ पुगेको गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले जानकारी दिएका छन् ।

उनका अनुसार ती क्षेत्रफलमा सिचाई पुऱ्याउनका लागि स्थानीयवासी र वडा कार्यालयको आग्रहमा गाउँपालिकाबाट व्यवस्थापन गरिएको छ । "पाँच दिनको प्रयासमा खाँडो खोलाको पानीलाई खेतमा पुऱ्याउन डेढ सय मिटर जति लामो बाँध निर्माण गरिएको छ ।" उनले थपे, "अहिले खेत खेतमा पानी पुगेपछी किसानहरुको खेतमा पानीको अभाव समाप्त भएको छ र सम्पूर्ण खेतमा हरियाली छाएको छ भने किसानको मुहारमा खुशियाली आएको छ ।"

गाउँपालिकाको बिपद् व्यबस्थापन शाखा र सम्बन्धित बडाको संयुक्त पहलमा खाँडो खोलामा अस्थायी बाँध निर्माण गरी खेतमा पानी पुऱ्याइएको बिपद् व्यबस्थापन अधिकृत राजेश झाले जानकारी दिए ।

उनका अनुसार करिब पाँच सय बिघा खेतमा लगाइएको धानबालीलाई यसबाट प्रत्यक्ष लाभ पुगेको छ । "खोलामा खेर गइरहेको पानीलाई नियन्त्रण गरी खेतमा पुऱ्याउँदा किसानले राहत अनुभव गरेका छन्," उनले भने ।

यसअघि लामो समयसम्म बर्षा नहुँदा खेत सुक्न थालेका थिए । सिंचाइका लागि प्रयोग हुने ट्युबवेल र बोरिङमासमेत पानी नआएपछि किसान गम्भीर संकटमा परेका थिए ।

यस्तो अवस्थामा खोलाको पानी खेतमा पुगेपछि धानबालीले नयाँ जिवन पाएको बडा नम्बर २ का बडाअध्यक्ष कमल मंडलले बताए । अब यो दुइटा बडामा खडेरीको प्रभाब पर्ने छैन उनको कगन छ ।

उनका अनुसार खडेरीका कारण पीडित किसान अहिले हर्षित भएका छन् । धान रोपाइँ

***बाँकी तीन पृष्ठमा***

## पर्सामा झाडापखालाको लक्षण देखापरेका दुई जनाको मृत्यु

वीरगञ्ज (पर्सा), ८ भदौ (रासस) ।

पर्सामा झाडापखालाको लक्षण देखापरेका दुई जना बिरामीको मृत्यु भएको छ ।

नारायणी अस्पताल, वीरगञ्जका प्रवक्ता डा उदयनारायण सिंहले उपचारको क्रममा झाडापखालाको लक्षण देखापरेका एक जना बिरामीको शनिबार मृत्यु भएको जानकारी दिनुभएको छ । उहाँले बिरामीको हैजाको परीक्षण गर्न नपाउँदै मृत्यु भएको बताउनुभयो ।

यस्तै, वीरगञ्ज हेल्थ केयरमा उपचाररत अर्को एक बिरामीको शुक्रबार मृत्यु भएको बताइएको छ ।

स्वास्थ्य कार्यालयले झाडापखालाका कारण मृत्यु भए पनि हैजा थियो वा थिएन भन्नेबारे जाँच भइनसकेको जनाएको छ ।

## वीरगञ्जमा चिकित्सक टोली परिचालन गर्ने निर्णय

काठमाडौँ, ८ भदौ (रासस) ।

केन्द्रीय सुरक्षा समितिको बैठकले त्यसैगरी बैठकले पर्साको वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका साथै प्रभावितको उपचारको व्यवस्थाका लागि चिकित्सक टोली परिचालन गर्ने निर्णय गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा भएको बैठकले उक्त निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले राससलाई जानकारी दिनुभयो । गृहमन्त्रीले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई हैजा नियन्त्रणमा परिचालन हुने टोलीको प्रबन्ध मिलाउन निर्देशन पनि दिनुभयो । "आवश्यकताअनुसार टोली परिचालनका निम्ति तत्काल तयारी थाल्न मन्त्रीज्यूले निर्देशन दिनुभएको छ", प्रवक्ता काफ्लेले भन्नुभयो ।

गृहसचिव गोकर्णमणि दुवाडीसहित सुरक्षा निकायका प्रमुख सहभागी बैठकमा मुलुकको शान्तिसुरक्षाको समीक्षा भएको थियो ।

यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र खानेपानीमन्त्री प्रदीप यादवबीच वीरगञ्ज हैजा सङ्क्रमण नियन्त्रणबारे छलफल भएको छ ।

स्थानीय सरकारसँगको समन्वयमा बिरामीको तत्काल उपचार तथा सरकारी एवं निजी अस्पतालमा निःशुल्क परीक्षणको व्यवस्था गरिएको मन्त्री पौडेलले जानकारी दिनुभएको मन्त्री यादवको निजी सचिवालयले जनाएको छ ।

## महिला संघ सप्तरीकी पहिलो अध्यक्ष पुष्पाको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

नेपाली काँग्रेसको भातृ संगठन महिला संघ सप्तरीकी पहिलो अध्यक्ष पुष्पादेवी श्रेष्ठको निधन भएको छ ।

राजविराज ५ निवासी ८१ वर्षिया श्रेष्ठको आईतवार विहान आफ्नै निवासमा निधन भएको हो । उनी केही समयदेखी अस्वस्थ रहदै आएकी थिइन ।

बि.स. २०३६ सालमा सम्पन्न जनमत संग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा सकृय भई लागेकी उनी प्रजातन्त्र पुर्नस्थापना पश्चात् गठित नेपाली काँग्रेसको भातृ संगठन नेपाल महिला संघ सप्तरीकी प्रथम अध्यक्ष समेत भएकी थिइन ।

उनलाई अन्तिम बिदाई र श्रद्धाञ्जली ब्यक्त गर्न स्थानीय नेता/कार्यकर्ता र शुभेच्छुकको निवास स्थलमा भीड लागेको थियो । उनको निवासमा काँग्रेसका महासमिती सदस्य शुशिल सेवा, प्रदेश २ ख का उपसभापती बिजय साह, युवा नेता एवं नेपाल मुस्लिम महासंघका महासचिव इरसाद अन्सारी, काँग्रेसका वडा सभापती श्याम शर्मा, समिर झा, राजकुमार चौधरी, काँग्रेसका नेता सतिष झा "मदन" लगायतले पार्टीको झण्डा ओढाएर सम्मान र श्रद्धाञ्जली अर्पण गरेका थिए ।

सो अवसरमा नेपाल परिवार नियोजन संघका पूर्व सभापती बिन्देश्वर प्रसाद साह, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियार, प्रशिक्षक उमेश गुरुङ, रमेश श्रेष्ठ, नेपाल सहकारी संस्थाका अध्यक्ष शत्रुघन प्रसाद गुप्ता लगायतले पनि अन्तिम श्रद्धाञ्जली अर्पण गरे ।

***बाँकी तीन पृष्ठमा***

## चन्द्रनहरमा डुबेर एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं. ६ घोघनपुरस्थित चन्द्रनहरमा डुबेका एक पुरुष मृत फेला परेका छन् ।

स्थानीय ४६ वर्षीय सत्रुधन सादा आइतबार दिउँसो नुहाउने क्रममा मादक पदार्थ सेव गरेको अवस्थामा नहरमा डुबेका थिए ।

डुबेर हराएका सादालाई स्थानीयले खोजतलास गर्ने क्रममा मृत अवस्थामा फेला

***बाँकी तीन पृष्ठमा***

**आत्महत्या समस्याको समाधान होइन ।**

आत्महत्याका प्रमुख कारणः

- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- वेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार आदि ।

रोकथामका उपायः

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुवै खाले विद्यालयलाई सन्तुलित रुपमा सम्बोधन गर्नु आवश्यक

शिक्षा मुलुकको दिगो विकास र सामाजिक रूपान्तरणको आधार हो । तर, हाल संसदमा दर्ता भएको शिक्षा विधेयकका केही व्यवस्थाले निजी विद्यालय सञ्चालकहरुलाई आन्दोलनमै धकेलेको छ । सप्तरीमा बस र्‍यालीमार्फत गरिएको विरोध प्रदर्शनले विधेयकप्रति असन्तुष्टि प्रकट गरेको छ । विद्यालय सञ्चालकहरूको तर्कअनुसार 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द व्यावहारिक छैन, किनभने विद्यालयहरूले पोसाकदेखि खाना-खाजा सम्म निःशुल्क उपलब्ध गराउने दायित्व लाद्नु अनुचित हो ।

त्यस्तै, कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा आएका संस्थालाई 'गैरनाफामूलक' बनाउने प्रावधानले निजी लगानीकर्ता हतोत्साहित हुने सम्भावना छ । छात्रवृत्ति वितरणको अधिकार विद्यालयकै हातमा दिई पारदर्शी समितिमार्फत वितरण गर्ने प्रस्ताव पनि विचारणीय छ । साथै, छात्रवृत्ति सम्बन्धी विद्यमान ऐन र नियमावलीमा रहेको ४५% आरक्षण, तथा उच्च शिक्षा अध्ययनमा सामुदायिक विद्यालय पृष्ठभूमिका विद्यार्थीलाई मात्र अवसर दिने विभेदकारी प्रावधान असमान व्यवहारका उदाहरण हुन् ।

शिक्षा सबैको अधिकार हो, तर नीति यथार्थपरक र न्यायोचित हुनु आवश्यक छ । विधेयकले निजी तथा सामुदायिक दुवै खाले विद्यालयलाई सन्तुलित रुपमा सम्बोधन नगरेसम्म विवाद बढ्दै जाने सम्भावना छ । तसर्थ सरकारले छलफल, सहमति र व्यवहारिकता सुनिश्चित गर्दै मात्र विधेयकलाई अगाडि बढाउनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाली सेनाको व्यवस्थापनमा सञ्चालित राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको वार्षिक प्रगति शतप्रतिशत

काठमाडौँ, ८ भदौ (रासस) ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय प्राथमिकता प्राप्त सडक करिडोर तथा अन्य पूर्वाधार आयोजनामा आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यअनुसारको प्रगति हासिल भएको छ ।

सेनाको व्यवस्थापनमा रणनीतिक महत्वका कोशी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर, बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनामा वार्षिक लक्ष्यअनुसार शतप्रतिशत प्रगति हासिल भएको रक्षा मन्त्रालयले जनाएको छ । यस्तै राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, राष्ट्रिय चुरे-तराई/मधेस संरक्षण र बङ्कर टु ब्यारेक कार्यक्रममा पनि सोहीअनुसार नतिजा प्राप्त भएको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिनुभयो ।

राष्ट्रिय गौरवको आयोजनामध्ये सर्वाधिक महत्वको 'काठमाडौँ-तराई/मधेस द्रूतमार्ग सडक आयोजना'को प्रगति भने उक्त आर्थिक वर्षमा ६७ दशमलव ५ मा सीमित भएको छ । द्रुत मार्गको प्रस्थान बिन्दुदेखि ६.५ किमीसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थान बिन्दु र सवारी अवागमन सम्बन्धमा निर्णय नहुँदा आयोजनाको भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्त हुन नसकिएको मन्त्रालयले जनाएको छ ।

कोशी करिडोरअन्तर्गत खाँदबारी-किमाथाङ्का (च्याम्ताङ्ग-घोङ्घप्पा) सडक आयोजनाअन्तर्गत १० दशमलव ५१, कर्णाली करिडोरको (घाटपारीचौर-बद्रिगाउँ-भुक्काखोला) सडक आयोजनाको दुई दशमलव पाँच र लाँलीबगर-दुल्लीकुनाको ११ किलोमिटर सडकको ट्र्याक खोलिसकिएको छ ।

कर्णाली करिडोरको बोक्चे गौडा र भीर गौडामा दुई/दुई सय मिटर तथा याङ्चु भीरमा ४०० चार सय मिटर लम्बाइको सडक निर्माण र खार्पुनाथस्थित चुवाखोलामा बेलिब्रज निर्माण सम्पन्न भएको छ । यस्तै बेनीघाट-आरुघाट-लार्केभञ्जयाङ् सडक आयोजनामा दुई दशमलव पाँच किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ । सोही सडक खण्डको तातोपनी भीरमा सडक चौडा पार्ने कार्य पनि लक्ष्यअनुसार सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

महाकाली करिडोरअन्तर्गत दार्चुला-टिङ्कर सडक आयोजनाअन्तर्गत गत आवसम्ममा १७ दशमलव ५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । गत आवमा सो सडकमा एक दशमलव आठ किलोमिटत नयाँ ट्र्याक निर्माण र एक दशमलव दुई किलोमिटर ट्र्याक स्तरोन्नति गर्ने वार्षिक लक्ष्य लिएको थियो । यस्तै दार्चुला-टिङ्कर सडकखण्डमा दुई दशमवल तीन किलोमिटर नयाँ ट्र्याक निर्माण भएका मन्त्रालयले जनाएको छ ।

भौगोलिक कठिनाइ भएका स्थानमा सडक पूर्वाधार निर्माणमा संलग्न नेपाली सेनाका एक सय आठ सकल दर्जाले वीरगती प्राप्त गरेका छन् । निर्माण सम्पन्न भएका त्रिशुली-सोमदाङ सडक आयोजनामा १२, कटारी-ओलखढुङ्गा सात, बेनी-जोमसोम १८, कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला) ६२, नाग्मा-गमगढी एक, बेशिसहर-चामे तीन र जाजरकोट-डोल्पा एक गरी एक सय चार जनाले वीरगती प्राप्त गरेका छन् । ती सडक आयोजना निर्माणका क्रममा गैरसैनिकतर्फ २४ जनाले ज्यान गुमाएका छन् ।

हाल निर्माणाधीन सडक आयोजनातर्फ कर्णाली करिडोरमा चार जना सैनिक र निर्माणाधीन विभिन्न सडक आयोजनामा २८ जना गैर सैनिकको क्षति भएको छ । बङ्करदेखि ब्यारेक कार्यक्रमअन्तर्गत गत आवमा विभिन्न ७३ वटा संरचना निर्माण भएका छन् । सोही कार्यक्रमअन्तर्गत एक हजार नौ सय ९५ संरचना निर्माण गर्न बाँकी रहेको सेनाले जनाएको छ ।

यस्तै रणनीतिक महत्वको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्माणमा पनि गत आवमा शतप्रतिशत सफलता प्राप्त भएको वार्षिक प्रगतिमा उल्लेख छ । विश्वविद्यालयको भौतिक संरचनाको निर्माणलाई निरन्तरता दिने लक्ष्य राखिएको आयोजनाको समष्टिगत भौतिक प्रगति ७४ दशमवल ०४ प्रतिशत र वित्तीय प्रगति ७४ दशमलव ०२ प्रतिशत रहेको छ ।

काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकास्थित पेरुङ्गेडाँडामा निर्माण भइरहेको उक्त विश्वविद्यालयको भौतिक पूर्वाधार, कानुन र पाठ्यक्रम निर्माण अन्तिम चरणमा पुगेको छ ।

प्रकृति संरक्षण कार्यमा पनि नेपाली सेनाले असरदार भूमिका निर्वाह गर्दै आएको छ । सोही क्रममा उक्त आर्थिक वर्षमा दुई लाख ५४ हजार एक सय ३३ पट्रोल, ३७ हजार आठ सय ६७ एम्बुस, नौ हजार दुई सय २४ आकस्मिक छड्केलगायतका गतिविधि सञ्चालित गरिएको मन्त्रालयको वार्षिक प्रगति विवरणमा उल्लेख छ । प्रकृति संरक्षणको सिलसिलामा हालसम्म एक सय १६ सैनिकले आफ्नो ज्यान गुमाएका छन् ।

**बेरुजु फछर्योट लक्ष्यभन्दा माथि**

आर्थिक वर्ष २०८१/८२ मा रक्षा मन्त्रालयतर्फ तीन अर्ब ४५ करोड ८३ लाख ४० हजार बेरुजु रहेकामा त्यसको ६१ दशमलव ३९ प्रतिशत फछर्योट भएको मन्त्रालयले जनाएको छ । सो वर्ष ६० प्रतिशत बेरुजु फछर्योट गर्ने लक्ष्य राखिएको थियो ।

# अब फोन गरेरै बाढीसम्बन्धी पूर्वसूचना दिइने

काठमाडौँ, ८ भदौ (रासस) ।

जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ । विभागले यसका लागि 'भ्वाइस कल' सेवा सुरु गर्ने तयारी गरेको हो ।

बाढी आउने खतरा देखिएमा एसएमएसमार्फत सन्देश प्रवाह गर्दै आएको विभागले अबदेखि भने 'भ्वाइस कल'मार्फत पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको हो ।

विभागका बाढीविद् विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रूपमा 'भ्वाइस कल'मार्फत सूचना प्रवाह गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो । "मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौं । तर सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्," उहाँले भन्नुभयो, "त्यसैले फोन नै गरेर सन्देश प्रवाह गर्ने तयारी गरेका हौं ।

एकैपटक धेरैलाई 'भ्वाइस कल' गर्दा सेवा अवरुद्ध कति हुन्छ ? भन्ने विषयमा थप परीक्षण गर्दैछौं । यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ ।"

पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ । पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उहाँको भनाइ छ ।

"पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ । पहिला-पहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो । पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्," पराजुलीले भन्नुभयो, "तर पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन् । बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ ।"

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै सोअनुसार अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो ।

"बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वसूचनाको पहुँच अब सबै क्षेत्रमा हुनुपर्छ", उहाँले भन्नुभयो । उप्रेतीका अनुसार जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम बढिरहेको छ र जसका कारण एक्कासि बाढी आउँदा धनजनको क्षति हुन थालेको छ । "जोखिममा रहेका हिमताल क्षेत्रमा पूर्वसूचना प्रणाली जडान गर्न सकेमा सम्भावित क्षति न्यूनीकरण हुनसक्छ । एसएमएस मात्र नभइ 'भ्वाइस कल' ले अझ प्रभावकारी बनाउन सक्छ," उहाँले भन्नुभयो ।

# विपिन रिहाइको पहलका लागि थप प्रयत्न गर्न आग्रह

काठमाडौँ, ८ भदौ (रासस) ।

प्यालेस्टाइनको हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइमा जारी राखेको पहलका लागि विपिनकी आमा र बहिनीले परराष्ट्रमन्त्री डा आरजु राणा देउबालाई धन्यवाद दिँदै आगामी दिनमा थप पहल गर्न आग्रह गर्नुभएको छ ।

विपिनकी आमा र बहिनीले आइतबार परराष्ट्र मन्त्रालयमा भेट गर्दै मन्त्री डा राणा र परराष्ट्र मन्त्रालयले विपिनको रिहाइका लागि हालसम्म गरेको प्रयत्नका लागि आभार व्यक्त गर्दै यसलाई आगामी दिनमा थप सक्रियताका साथ निरन्तरता दिन आग्रह गर्नुभएको हो । मन्त्री डा राणाको पहल एवं नेपालस्थित इजरायली राजदूताबासको समन्वय तथा सहयोगमा विपिनकी आमा र बहिनी विपिनको अवस्था बुझ्न तथा उहाँको रिहाइका लागि अपिल गर्न हालै इजरायल जानुभएको थियो । इजरायलबाट फर्केपछि आइतबार उहाँहरुले मन्त्री डा राणालाई भेटेर यसबारेमा जानकारी गराउनुभएको हो ।

दुवै जनाले आफूहरु इजरायलमा रहँदा त्यहाँस्थित नेपाली राजदूत प्रा डा धनप्रसाद पण्डित र इजरायल सरकारका अधिकारीहरुले सहयोग गर्नुभएको तथा त्यहाँ राष्ट्रपतिदेखि उच्चसरकारी अधिकारीहरुसँग भेटेर विपिनको रिहाइका लागि अपिल गर्न पाएको जानकारी दिनुभएको थियो । त्यस अवसरमा मन्त्री डा राणाले सरकारले विपिनको रिहाइमा सक्दो कूटनीतिक प्रयत्न गरिरहेको र आगामी दिनमा यसलाई थप सशक्त बनाउने बताउनुभयो ।

# ‘पुनर्जन्मका विषयमा गहिराइमा पुगेर बहस हुनुपर्छ’

काठमाडौं, ८ भदौ (रासस)।
नेपालमा मानिने प्रमुख धर्महरूले पुनर्जन्मलाई मानेकाले यस विषयमा गहिराइमा पुगेर बहस गरिनुपर्नेमा जोड दिइएको छ।
नेपाल समाज मिडिया प्रालिले शनिबार यहाँ आयोजना गरेको ‘नेपालका धर्ममा पुनर्जन्मको अवधारणा’ विषयक अन्तरक्रियामा वक्ताहरूले प्राचीनकालमा भारतवर्षका नालन्दा, तक्षशिला र विक्रमशिलालगायत विश्वविद्यालयमा यस्ता विषयमा शास्त्रार्थ हुने गरेको स्मरण गर्नुभयो।
कार्यक्रममा हिन्दू जागरणका संस्थापक अध्यक्ष आचार्य रामकृष्ण उपाध्यायले वैदिक दर्शनमा पुनर्जन्मको धारणामाथि विचार राख्नुभएको थियो।
शुक्ल यजुर्वेदको तेस्रो अध्यायको ३५औं मन्त्रमा सूर्य जसरी अस्ताएर फेरि उदाउँछ त्यसरी नै मानिसको पनि पुनर्जन्म हुने विषयको व्याख्या गरिएको उहाँले जानकारी गराउनुभयो। वेदका साथै रामायण, महाभारतलगायत ग्रन्थमा पनि पुनर्जन्मका विषयमा धेरै चर्चा गरिएको उपाध्यायले सुनाउनुभयो।
लेखक वसन्त महर्जनले बौद्ध धर्मको थेरावादमा पुनर्जन्मको अवधारणा विषयमा विचार राख्दै धेरै पुण्य गर्ने मानिस अर्को जन्ममा पनि मान्छे नै भएर जन्मने विषय उल्लेख गरिएको जानकारी दिनुभयो। कर्म सिद्धान्तका आधारमा पुनर्जन्म निर्धारण हुने थेरावादको मत रहेको उहाँले सुनाउनुभयो।
नेपाल बौद्ध महासङ्घका पूर्वअध्यक्ष आचार्य नोर्बु शेर्पाले गुरु रिम्पोछे नै पुनर्जन्मको उदाहरणका रूपमा रहनुभएको बताउनुभयो। कर्म र क्लेशका आधारमा पुनर्जन्मपछिको अवस्था कस्तो हुन्छ भनी निर्धारित हुने विषय महायानका अभिधर्मकोशलगायत ग्रन्थमा वर्णन गरिएको उहाँले उल्लेख गर्नुभयो। मानिसमा पूर्वजन्मदेखिकै चित्तधारा बगिरहेको हुने विषय पनि त्यस्ता ग्रन्थमा लेखिएको शेर्पाको भनाइ थियो।
श्री बौद्धनाथ क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मोहनकुमार तामाङले पुनर्जन्म सम्बन्धमा नेपालमा अभ्यासमा रहेका मुख्य धर्मका आचार्य गुरुहरूबाट धेरै विषय प्रस्तुत भएकाले आगामी दिनमा विस्तारमा यससम्बन्धी कार्यक्रम राख्न सुझाव दिनुभयो। नेपालमा मानिने मुख्य धर्म हिन्दू र बौद्धमा पुनर्जन्मलाई माने पनि ती दुवैमा भएका भिन्नताका बारेमा पनि प्रष्ट हुने आवश्यक रहेको भनाइ विचार थियो।
नेपाल बौद्ध महासङ्घका संस्थापक अध्यक्ष खेन्पो ग्यूर्मे छुल्ट्रिमले पूर्वीय दर्शन क्षेत्रका चार्वाकबाहेक सबै पूर्वदार्शनिकले पुनर्जन्मलाई मानेर आएको बताउनुभयो। हिन्दू र बौद्ध दुवैले पुनर्जन्मलाई माने पनि परिभाषाको मतमा भने केही भिन्नता रहेको उहाँले जानकारी गराउनुभयो।
आयोजक समितिका अध्यक्ष ध्रुव पौडेलले पुनर्जन्मसम्बन्धी विषयका कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो।

# चालु खाता चार खर्ब नौ अर्ब र शोधनान्तर पाँच खर्ब ९४ अर्ब बचतमा

काठमाडौं, ८ भदौ (रासस)।
गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक तथा वित्तीय सूचकहरूमा उल्लेख्य सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार अर्थतन्त्रका आन्तरिक र बाह्य दुवै सूचकमा सुधार हुँदै गएको देखिएको हो।
प्रतिवेदनअनुसार गत आवमा सरकारको चालु खाता रु चार खर्ब नौ अर्ब २० करोडले बचतमा रहेको छ। आव २०८०/८१ मा चालु खाता रु दुई खर्ब २१ अर्ब ७१ करोडले बचतमा थियो।
गत आवमा शोधनान्तर स्थिति रु पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा छ। आव २०८०/८१ मा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब अर्ब ४९ करोडले बचतमा थियो। गत आवमा खुद पुँजीगत ट्रान्सफर रु नौ अर्ब ८४ करोड छ भने प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु १२ अर्ब दुई करोड बराबर भित्रिएको राष्ट्र बैंकले जनाएको छ।
गत आवमा आर्थिक वृद्धि चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ। जसमध्ये कृषि क्षेत्रको वृद्धि तीन दशमलव २८, उद्योग क्षेत्रको चार दशमलव ५३ र सेवा क्षेत्रको वृद्धि चार दशमलव २१ प्रतिशत रहेको अनुमान छ। गत आवको कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५ दशमलव १६, १२ दशमलव ८३ र ६२ दशमलव शून्य एक प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ।
त्यस्तै, गत आवमा कूल गार्हस्थ्य बचत कूल गार्हस्थ्य उत्पादनको छ दशमलव ५५ प्रतिशत रहेको छ। कूल स्थिर पुँजी निर्माण र कूल राष्ट्रिय बचतको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४ दशमलव शून्य सात र ३६ दशमलव २४ प्रतिशत रहेको छ।
गत आवमा कूल विद्युत्को जडित क्षमता वृद्धि भई तीन हजार ५९१ मेगावाट पुगेको छ। जडित क्षमतामध्ये जलविद्युत् तीन हजार ३९० मेगावाट रहेको छ। त्यस्तै, कूल पर्यटक आगमन एक दशमलव सात प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८३४ जना पुगेको छ।
राष्ट्र बैंकको प्रतिवेदनअनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ दुई दशमलव ६६ प्रतिशतले अवमूल्यन भएको छ।

# जनकपुरमा आयोजना हुने सुशासन सम्मेलनबारे परामर्श बैठक



धनुषा, ८ भदौ (रासस)।
मधेस प्रदेश सरकारले अगामी असोजमा आयोजना गर्ने सुशासन सम्मेलनको तयारीका लागि अन्तरराष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदारसँग परामर्श गरेको छ।
मधेस सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा आइतबार यहाँ बसेको परामर्श बैठकले आगामी असोज २ र ३ गते जनकपुरमा हुने सम्मेलन उपलब्धिमूलक बनाउन सहयोगका लागि सबैलाई आग्रह गरेको हो।
सम्मेलन उपलब्धिमूलक बनाउन सहकार्यका सम्भावित क्षेत्रहरु पहिचान गर्न समन्वयात्मक बैठकको आयोजना गरिएको मन्त्रालयले जनाएको छ।
बैठकमा सहभागी नेपाल बौद्धिक प्रतिष्ठानका अध्यक्ष विष्णु कुँवरले प्रदेशमा पारदर्शिता, जवाफदेहिता, समावेशिता तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुने सम्मेलनको सफलताका लागि खेल्नुपर्ने भूमिका विषयमा छलफल भएको बताउनुभयो।
बैठकमा युनिसेफ, प्लान इन्टरनेसनल, पिपुल इन निडलगायत संस्थाहरुको उपस्थिति रहेको मन्त्रालयका सचिव विमल बरालले जानकारी दिनुभयो।

### खडेरीको मारमा ...

भइसकेको तर पानी अभावले मर्न थालेको बालीलाई खोलाबाट आएको पानीले जोगाएको स्थानीय किसानले बताएका छन्। बाँध निर्माणपछि त्यसको संरक्षण गर्न त्यहाँका किसानहरुलाई जिम्मेवारी दिइएको गाउँपालिकाले जनाएको छ।

### महिला संघ...

श्रद्धाञ्जली पश्चात उनको पार्थिव शरीर कोशी नहरको घाटमा पुऱ्याइएको थियो। उनका जेठा छोरा करातेका प्रशिक्षक समेत रहेका संजय जोशीले दागवत्ती दिए।
यसैबीच नेपाली कांग्रेस सप्तरीले आईतवार नै शोक वक्तव्य जारी गर्दै उनको निधनप्रति गहिरो दुःख तथा समवेदना प्रकट गरेको छ। सचिव सनत मण्डलद्वारा जारी शोक वक्तव्यमा उनको निधनले पार्टीलाई अपुरणीय क्षती पुगेको उल्लेख गरिएको छ।

### चन्द्रनहरमा ...

पारेर नहरबाट बाहिर निकालेको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।
उनले आइतबार दिउँसो १२ बजेर ३० मिनेटमा प्रहरी चौकी धरमपुरमा प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेर क्षेत्रलाई सुरक्षित राखि थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट प्रहरी नायब उपरीक्षक लेखबहादुर विष्टको कमाण्डमा अतिरिक्त टोली खटिएको बताए।

## विश्व समाचार

# रिलायन्स कम्युनिकेसनमाथि सिबिआईको कारबाहीबाट अपरेसन प्रभावित भएको छैन : रिलायन्स पावर

नयाँदिल्ली, ८ भदौ (रासस/एएनआई)।
रिलायन्स कम्युनिकेसन्स लिमिटेड र उद्योगपति अनिल अम्बानीविरुद्ध सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सिबिआई) ले हालै गरेको कारबाहीले यसको व्यापार सञ्चालन, वित्तीय प्रदर्शन वा हिस्सेदारहरूमा कुनै असर नपरेको रिलायन्स पावर लिमिटेडले आइतबार प्रष्ट पारेको छ।
नेसनल स्टक एक्सचेन्ज (एनएसई) मा सार्वजनिक गरिएको फाइलिङमा कम्पनीले भनेको छ, “रिलायन्स पावर लिमिटेड मिडिया रिपोर्टहरूमा प्रष्ट पार्न चाहन्छ कि रिलायन्स कम्युनिकेसन्स लिमिटेड र अनिल अम्बानीविरुद्ध सिबिआईले हालै गरेको कारबाहीले व्यापार सञ्चालन, वित्तीय प्रदर्शन, सेयरधनी, कर्मचारी वा अन्य कुनै पनि स्टेकहोल्डरहरूमा कुनै असर पारेको छैन।”
सार्वजनिक डोमेनमा उपलब्ध विवरण र रेकर्डहरूले स्टेट बैंक अफ इन्डिया (एसबिआई) द्वारा दायर गरिएको उजुरी एक दशक पुरानो मामिलासँग सम्बन्धित रहेको देखाउँछ। त्यतिबेला अम्बानी रिलायन्स कम्युनिकेसनमा गैर-कार्यकारी निर्देशकको रूपमा मात्र संलग्न हुनुहुन्थ्यो। दैनिक व्यवस्थापनमा उहाँको कुनै भूमिका थिएन। उहाँले सन् २०१९ मा, अर्थात् छ वर्षअघि, कम्पनीको बोर्डबाट राजीनामा दिनुभएको थियो।
रिलायन्स कम्युनिकेसन हाल एसबिआईको नेतृत्वमा रहेको ऋणदाताहरूको समितिको व्यवस्थापनमा रहेको र समाधान व्यवसायीद्वारा निरीक्षण भइरहेको कम्पनीले उल्लेख गरेको छ।
यो मुद्दा विचाराधीन अवस्थामा रहेको र राष्ट्रिय कम्पनी कानून न्यायाधिकरण (एनसिएलटी) तथा सर्वोच्च अदालतसहितका अन्य न्यायिक फोरमहरूले विगत छ वर्षदेखि यसलाई विचाराधीन राखेका छन्। रिलायन्स पावरले आफू स्वतन्त्र रूपमा सूचीबद्ध कम्पनी भएको र यसको रिलायन्स कम्युनिकेसनसँग कुनै व्यापारिक वा वित्तीय सम्बन्ध नरहेको स्पष्ट पारेको छ। साथै अनिल अम्बानी साढे तीन वर्षभन्दा बढी समयदेखि रिलायन्स पावरको बोर्डमा नरहेको जानकारी दिइएको छ।
त्यसैले रिलायन्स कम्युनिकेसनसँग सम्बन्धित कुनै पनि घटनाले रिलायन्स पावरको शासन, व्यवस्थापन वा सञ्चालनमा कुनै प्रभाव नपार्ने कम्पनीले जोड दिएको छ। कम्पनीले आफ्नो व्यापार योजनाहरूलाई कार्यान्वयनमा लैजानमा ध्यान केन्द्रित गरिरहेको र सबै हिस्सेदारहरूलाई मूल्य प्रदान गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ।
स्टेट बैंक अफ इन्डियाले दायर गरेको उजुरी १० वर्ष पुरानो मामिलासँग सम्बन्धित रहेको र यसबारे बैंकको दाबीलाई सक्षम न्यायिक फोरममा चुनौती दिइएको अनिल अम्बानीका प्रवक्ताले बताएका छन्। अनिल अम्बानीले सबै आरोपहलाई दृढ रूपमा अस्वीकार गर्नुभएको छ र आफ्नो रक्षा गर्ने बताउनुभएको छ। प्रवक्ताले भने, “एसबिआईले पाँच जना अन्य गैर-कार्यकारी निर्देशकहरू विरुद्धको कार्यवाही फिर्ता लिसकेको छ, तर अम्बानीलाई विशेष रूपमा छनोट गरिएको छ।”
यसअघि अनुसन्धान एजेन्सी सिबिआईले प्रेस नोटमार्फतस्टेट बैंक अफ इन्डिया, मुम्बईबाट प्राप्त उजुरीका आधारमा रिलायन्स कम्युनिकेसन्स लिमिटेड (आरकम) मुम्बई, यसको निर्देशक अनिल अम्बानी, अज्ञात सरकारी कर्मचारी र अन्य अज्ञात व्यक्तिहरूविरुद्ध आपराधिक मुद्दा दर्ता गरिएको बताएको थियो। प्रेस नोटअनुसार यो मुद्दा २१ अगस्टमा दर्ता गरिएको हो।

# अमेरिकी कर धम्कीबीच मोदीको कर कटौतीको वाचा

मुम्बई, ८ भदौ (रासस/एएफपी)।
दैनिक वस्तुहरूमा उपभोग कर घटाउने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दबाबले वार्षिक अर्बौं डलरको राहत दिलाउन सक्ने र अमेरिकी भन्सार शुल्कको कडा असर झेलिरहेको अर्थतन्त्रमा माग बढाउन मद्दत पुऱ्याउने विशेषज्ञहरूले बताएका छन्।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले रुसबाट तेल खरिद गरेको भन्दै नयाँदिल्लीमाथि सजायस्वरूप आयात शुल्क २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुऱ्याउने धम्की दिनुभएको छ। यस सम्भावित कदमले विश्वको पाँचौं ठूलो अर्थतन्त्रको भविष्यलाई अनिश्चित बनाएको छ। भारतीय निर्यातकर्ताहरूले यसले अर्डर गुम्ने र रोजगारीमा गम्भीर सङ्कट आउने चेतावनी दिएका छन्।
नयाँदिल्लीले वासिङटनको कदमलाई ‘अनुचित, अन्यायपूर्ण र अस्वीकार्य’ भनेको छ। तर मोदीले गत हप्ता भारतको स्वतन्त्रता दिवसमा दिएको भाषणमा ‘आम मानिसमाथिको करको बोझ कम गर्ने’ वाचा गर्दै यस अमेरिकी प्रहारलाई कम गर्ने प्रयास देखाउनुभएको थियो। मोदीको प्रस्तावित वस्तु तथा सेवा कर (जिएसटी) कटौतीले साना कारदेखि वातानुकूलनसम्मका सामान उपभोक्ताका लागि सस्तो बनाउने अर्थशास्त्रीहरूको भनाइ छ।
हाल जिएसटी प्रणाली एक जटिल चार-स्तरीय संरचनामा आधारित छ, जसमा कर दर पाँचदेखि २८ प्रतिशतसम्म लाग्छ।
मोदीको सुधार अनुसार, अधिकांश सामान दुई तहमा पर्नेछन्– पाँच प्रतिशत वा १८ प्रतिशत दरमा। भारतीय प्रधानमन्त्रीले यस परिवर्तनलाई ‘दीपावली उपहार’ भन्नुभएको छ। दीपावली, प्रकाशको वार्षिक हिन्दू पर्व हो, जसमा उपभोक्ताहरू सुन, कपडा र उपभोक्ता इलेक्ट्रोनिक्सजस्ता सामानमा धेरै खर्च गर्छन्।

# मधेशी सहिद प्रतिष्ठान मार्फत १ सय ४० सहिद परिवारको निःशुल्क स्वास्थ्य बिमा




**दैनिक समाचारदाता**
**जनकपुर, ८ भदौ ।**
मधेश प्रदेश सरकारले मधेशी सहिद प्रतिष्ठान मार्फत सहिद परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेपछि सहित परिवार लाभान्वित भएका छन् ।

प्रतिष्ठानले हालसम्म मधेश आन्दोलन तथा माओवादीको विद्रोहका क्रममा मारिएका १ सय ४० परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको मधेशी सहिद प्रतिष्ठानका अध्यक्ष इन्जिनियर शुभम् यादवले जानकारी दिए ।

मधेश प्रदेश सरकारले मधेश आन्दोलन तथा माओवादीको सशस्त्र विद्रोहका क्रममा सहादत भएका परिवारलाई सबुद प्रमाणको आधारमा स्वास्थ्य बिमा गर्ने कार्यलाई निरन्तरता दिएको छ । यस अघि मधेश आन्दोलनको क्रममा सहादत दिएका परिवारलाई उपचारमा सहजता होस् भन्नका लागि सहिद परिवारका ५ जना सदस्यको स्वास्थ्य बिमा गरिदिएको छ ।

मधेश प्रदेशमा नेकपा माओवादीको विद्रोहका क्रममा राज्य तथा विद्रोही पक्षबाट गरेर १ हजार ६ जना तथा मधेश आन्दोलनको क्रममा घाइते तथा अङ्गभङ्ग भएका १ सय ६४ जनाको स्वास्थ्य बिमा गर्ने लक्ष्य प्रतिष्ठानले लिएको अध्यक्ष यादवले जानकारी दिए ।

मधेश प्रदेश सरकारले सहिद प्रतिष्ठान मार्फत २०८०/८१ बाट निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम अगाडी बढाएको छ । सहिद परिवारको ५ जना सदस्यको हकमा एकमुष्ट रूपमा मधेश प्रदेश सरकारले प्रतिष्ठान मार्फत ३ हजार ५ सय रकम तिर्दै आएको छ भने थप मान्छे भएको खण्डमा सहिद परिवारले आफै अतिरिक्त रकम बिमा कम्पनीलाई बुझाउनुपर्ने कुरा सम्झौतामा उल्लेख छ ।

# पर्साका हैजा प्रभावित क्षेत्रमा खानेपानी परीक्षण टोली परिचालन

काठमाडौं, ८ भदौ (रासस) ।
पर्साको वीरगञ्जका हैजा प्रभावित क्षेत्रमा खानेपानी परीक्षणका लागि टोली परिचालन गरिएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन विभागबाट आवश्यक सामग्रीसहित मोबाइल भ्यान टोली खटाइएको विभागका महानिर्देशक ईन्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "खानेपनी मन्त्रीज्यूको निर्देशनपश्चात् विभागबाट आवश्यक सामग्रीसहित प्राविधिक टोली प्रभावित क्षेत्रमा पठाएका छौं । टोलीले पानी परीक्षण र जनचेतनामूलक कार्य सुरु गरिसकेको छ ।"

वीरगञ्जमा शुक्रबार तीन जनामा हैजाको सङ्क्रमण पुष्टि भएको थियो । हैजा नियन्त्रणका लागि सरकार संवेदनशील छ ।

यसैगरी खानेपानीमन्त्री प्रदीप यादव पनि हैजा प्रभावित क्षेत्रमा पुग्नु भई त्यहाँको अवस्थाबारे जानकारी लिनुभएको उहाँको सचिवालयले जनाएको छ । त्यस क्रममा उहाँले हैजा नियन्त्रणका लागि सरकार संवेदनशील रहेको बताउनुभएको छ ।

वीरगञ्जका विभिन्न अस्पतालमा पुगेपछि मन्त्री यादवले भन्नुभयो, "हामी हैजा नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालय, स्थानीय तह तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरेर काम गरिरहेका छौं । सरकार यस विषयमा निकै गम्भीर छ ।"

मन्त्री यादवले हैजा प्रभावित क्षेत्रमा शुद्ध खानेपानीको आपूर्ति सुनिश्चित गर्न मन्त्रालयले विशेष पहल गरिरहेको जानकारी दिनुभयो ।

उहाँले वीरगञ्ज महानगरपालिकाको हैजा प्रभावित क्षेत्रहरूको स्थलगत अनुगमन तथा निरीक्षणसँगै त्यहाँको नारायणी अस्पताल, तराई हस्पिटल, वीरगञ्ज हेल्थ केयरलगायत अस्पतालमा उपचाररत सङ्क्रमित बिरामीहरूको अवस्थाबारे जानकारी लिनुभएको थियो ।

# सुटकेसभित्र मृत अवस्थामा भेटिएकी महिलाको सनाखत

**दैनिक समाचारदाता**
**रौतहट, ८ भदौ ।**
रौतहटको गौर नगरपालिका ९ स्थित गौर-सिरसिया सडक खण्डमा सुटकेसभित्र मृत अवस्थामा भेटिएकी महिलाको सनाखत भएको छ ।

मुठवलबा गेट नजिकै मृत भेटिएकी महिलाको शव गौर नगरपालिका २ मा बस्दै आएकी करिब २६ वर्षीय रुवी शाह सुडीको रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी राजु कार्कीले बताए ।

माधवनारायण नगरपालिका ६ माइती भएकी रुवीले भारतमा विवाह गरेकी थिइन् । तर, उनी ४ वर्षीय छोरा पढाउन गौर नगरपालिका २ स्थित महादेवपट्टिमा डेरामा बस्दै आएकी थिइन् ।

सुटकेशमा कुईनो र घुँडा जोडेर प्याक गरेको अवस्थामा शव भेटिएपछि प्रहरीले घटनाबारे अनुसन्धान गरिहरेको छ ।

नाकबाट रगत बगेको तर, उनको शरीरमा कुनै चोट नदेखिएको डीएसपी कार्कीले बताए । मृतकका परिवार प्रहरीको सम्पर्कमा आएका छन् । उनका श्रीमान् पनि भारतबाट नेपाल आएको डीएसपी कार्कीले जानकारी दिए ।

# मधेसका २५ पालिकामा पशुपक्षी उपचार केन्द्र निर्माण गरिँदै

जनकपुरधाम, ८ भदौ (रासस) ।
मधेस प्रदेशका १३६ पालिकामध्ये २५ वटामा कृषि तथा पशुपक्षी उपचार केन्द्र निर्माण गर्न लागिएको छ । सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा रु ७५ करोडको लागतमा प्रदेशका २५ पालिकामा भूकम्प प्रतिरोधात्मक, सुविधा सम्पन्न कृषि तथा पशुपक्षी उपचार तथा परीक्षण केन्द्रको भवन निर्माण भइरहेको हो ।

विश्वबैंकको ऋण सहयोगमा सो मन्त्रालयको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाअन्तर्गत आर्थिक करिडोरको कार्यालय बर्दिबासले २५ वटा पालिकामा भवन निर्माण गरिरहेको हो । आयोजना कार्यालयका अनुसार एउटा भवन निर्माणमा करिब रु तीन करोडदेखि रु पाँच करोड खर्च हुने अनुमान गरिएको छ ।

कृषिको माटो परीक्षण, पशुको रोगसम्बन्धी अनुसन्धान तथा पशुमा लाग्ने विभिन्न रोगको उपचार, पशुको गोबर तथा दूधजन्य पदार्थको परीक्षण गर्ने उद्देश्यले अत्याधुनिक उपकरणसहित ल्याब स्थापना गरेर सो केन्द्रबाट सेवा दिने उद्देश्य रहेको कार्यालय प्रमुख राजेश साहले जानकारी दिनुभयो । सबै भवनको डिजाइन समान हुनुका साथै प्रविधियुक्त बनाइने उहाँले बताउनुभयो ।

निर्माण भइरहेको सो दुईतले भवनमा कृषि तथा पशुका लागि बेग्लाबेग्लै उपचार कार्यकक्ष तथा प्रयोगशालाका साथै सोही भवनमा सुपथमूल्यमा कृषि तथा पशुपक्षीमा लाग्ने रोगको उपचारसहित औषधि बिक्री कक्षका लागि दुई वटा सटरसमेत निर्माण हुने साहले उल्लेख गर्नुभयो । भवन निर्माण भइरहेका २५ वटा पालिकामध्ये १४ वटाको काम सकिएको कार्यालयले जनाएको छ ।

सोही क्रममा जनकपुरधाम उपमहानगरपालिका-१७ स्थित तेतरियामा सोही आयोजनाद्वारा निर्माण गरिएको सुविधा सम्पन्न भवन जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहलाई हस्तान्तरण गरिएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त भवन भ्याटसहित रु दुई करोड २५ लाखमा निर्माण गरिएको हो ।

# गत निर्वाचनमा नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवारी दिएका चौधरीलाई जनमतले भित्रायो

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**
जनमत पार्टीले रुपन्देही ३ को उपनिर्वाचनका लागि अघिल्लो चुनावमा नागरिक उन्मुक्ति (नाउपा) बाट रुपन्देही १ मा उठेका उम्मेदवारलाई पार्टीमा भित्र्याएको छ ।

गत निर्वाचनमा रुपन्देही १ बाट उम्मेदवार धनिराम चौधरीलाई आइतबार जनमत प्रवेश गराइएको हो । गत निर्वाचनमा रुपन्देही-१ मा उनले १३ हजार ९६२ मत सहित चौथो स्थानको मत ल्याएका थिए ।

रुपन्देही ३ मा हुने उपनिर्वाचनमा जनमतको उम्मेदवार बनाउनेगरी चौधरीलाई जनमतमा अध्यक्ष राउतले आइतबार पार्टी प्रवेश गराएका हुन् । जनमतका प्रवक्ता डा. शरदसिंह यादवका अनुसार उपनिर्वाचनमा उम्मेदवार बनाउने गरी थारुलाई पार्टी प्रवेश गराइएको हो ।

संघीय लोकतान्त्रिक मोर्चाले नाउपाका संरक्षक रेशम चौधरीले उठाएको उम्मेदवारलाई सघाउने निर्णय गरेको छ । नाउपाभित्रको विवादले उक्त दल दर्ता हुन सकेन ।

जनमतले नाउपालाई सघाउन नसकिने यस अघि नै घोषणा गरिसकेको थियो ।

# हैजा संक्रमण नियन्त्रणका लागि टोली खटाइयो

जनकपुर, ८ भदौ (रासस) ।
पर्साको वीरगंजमा देखिएको हैजाको संक्रमण नियन्त्रणका लागि प्रदेश सरकारले स्वास्थ्य टोली खटाएको छ ।

मधेश प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारीमा रहनुभएका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको निर्देशनपछि उपचार सेवा थप प्रभावकारी बनाउन आवश्यक समन्वयका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका महाशाखा प्रमुख डा विपिनकुमार झा र जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरलाई वीरगञ्ज पठाइएको हो ।

मलेसिया भ्रमणमा रहनुभएका मुख्यमन्त्री सतिशकुमार सिंहसँगको समन्वयमा सङ्क्रमण नियन्त्रणका लागि प्रदेश सरकारले हरसम्भव उपाय अवलम्बन गर्ने र त्यसका लागि प्रदेश स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालयहरूलाई सक्रिय बनाइएको मुख्यमन्त्रीको सचिवालले जनाएको छ ।

यसैगरी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले पनि प्रभावित क्षेत्रमा खटिन स्वास्थ्यकर्मीहरूलाई निर्देशन दिनुभएको छ । उपचार सेवा थप प्रभावकारी बनाउन आवश्यक समन्वयका लागि मन्त्रालयले तदारुकताका साथ काम गरिरहेको र वीरगञ्ज खटाइएको टोलीले आवश्यक सुझाव दिएपछि थप कार्य अगाडि बढाइने उहाँले बताउनुभएको छ । वीरगञ्जमा शुक्रबार तीन जनामा हैजाको सङ्क्रमण पुष्टि भएको थियो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*